धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय सुनसरी, प्रदेश नं. १, नेपाल

नगर कार्यपालिका वैठक,वैठक संख्या ४/०७८/०७९

आज मिति २०७९ साल असार ०९ गते, विहिबार विहान ८.०० बजे धरान उपमहानगरपालिकाको नगर कार्यपालिकाको वैठक नगर प्रमुख श्री हर्क राज राईज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बस्यो ।

उपस्थिती:

| क.स. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री हर्क राज राई | प्रमुख | धरान उपमहानगरपालिका | |
| २. | श्री अइन्द्र विक्रम बेघा | उप-प्रमुख | धरान उपमहानगरपालिका | |
| ३. | श्री यज्ञमणि आचार्य | वडा अध्यक्ष | धरान-१ | |
| ४. | श्री रमेश राई | वडा अध्यक्ष | धरान-२ | |
| ५. | श्री विद्या शाक्य | वडा अध्यक्ष | धरान-३ | |
| ६. | श्री धनबहादुर राई | वडा अध्यक्ष | धरान-४ | |
| ७. | श्री मन प्रसाद लिम्बु | वडा अध्यक्ष | धरान-५ | |
| ८. | श्री भुपेन्द्र भट्टराई | वडा अध्यक्ष | धरान-६ | |
| ९. | श्री जीवन राज सुवेदी | वडाअध्यक्ष | धरान-७ | |
| १०. | श्री धन बहादुर राई | वडा अध्यक्ष | धरान-८ | |
| ११. | श्री रुपेश आचार्य | वडा अध्यक्ष | धरान-९ | |
| १२. | श्री विवेक राई | वडा अध्यक्ष | धरान-१० | |
| १३. | श्री लोकेन्द्र कुमार फागु | वडा अध्यक्ष | धरान-११ | |
| १४. | श्री टंकबहादुर राई | वडा अध्यक्ष | धरान-१२ | |
| १५. | श्री नेत्र प्रसाद काफ्ले | वडा अध्यक्ष | धरान-१३ | |
| १६. | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१४ | |
| १७. | श्री नरेश इवारम | वडा अध्यक्ष | धरान-१५ | |
| १८. | श्री मुरारी प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१६ | |
| १९. | श्री सुर्यबहादुर भट्टराई | वडा अध्यक्ष | धरान-१७ | |
| २०. | श्री नरेन्द्र कुमार राई | वडा अध्यक्ष | धरान-१८ | |
| २१. | श्री पूर्ण बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-१९ | |
| २२. | श्री पदम बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-२० | |
| २३. | श्री सावित्रा परियार दर्जी | नगर कार्यपालिका सदस्य | धरान-८ | |
| २४. | श्री विनिता बज्राचार्य | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २५. | श्री सिर्जना नेपाल | नगर कार्यपालिका सदस्य | धरान-१५ | |
| २६. | श्री रविन गुरुङ्ग | नगर कार्यपालिका सदस्य | धरान-११ | |
| २७. | श्री देवी माया विश्वकर्मा | नगर कार्यपालिका सदस्य | धरान-६ | |
| २८. | श्री दिनेश विश्वकर्मा | नगर कार्यपालिका सदस्य | धरान-१५ | |
| २९. | श्री अनुप देवान | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| ३०. | श्री विकास भाटी | नगर कार्यपालिका सदस्य | धरान-९ | |
| ३१. | श्री लक्ष्मी प्रसाद पौडेल | प्रमुख प्रशासकीय अधिकृत(सचिव) | धरान उपमहानगरपालिका | |

| क.सं. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | श्री गणेश प्रसाद खतिवडा | वरिष्ठ प्रशासकीय अधिकृत | | |

बैठकमा छलफल र निर्णय भएका विषयहरु :–

१. **बैठकको गणपुरक संख्यासम्बन्धमा :–**

यस उपमहानगरपालिकाको कार्यपालिकामा जम्मा सचिव सहित ३१ जना सदस्य रहेकोमा आजको बैठकमा जम्मा ३१ जनानै सदस्यहरूको उपस्थित रहेकोले गणपुरक संख्या पुरा भएको हुदाँ अध्यक्षवाट बैठक सुरु भएको जानकारी बैठकमा गराउनु भयो ।

२. **अघिल्लो वैठकको समिक्षा सम्बन्धमा :–**

यस अघि मिति २०७९ असार ७ गते कार्यपालिकाको वैठक वसेको र उक्त वैठकबाट भू उपयोग परिषद गठन गर्ने १ वटा मात्र निर्णय भएको र उक्त निर्णय कार्यान्यवनको चरणमा रहेको अवस्था पाइयो ।

३. **नीति तथा कार्यक्रम सम्बन्धमा :–**

यस उपमहानगरपालिकाकोआ.व. २०७९/०८० का लागि मिति २०७९/०३/०७ गतेको वैठकमा पेश भएको वार्षिक नीति तथा कार्यक्रम माथि विस्तृत रुपमा छलफल गरियो । प्रस्तुत नीति तथा कार्यक्रम सर्वसम्मत स्वीकृत गरी आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

४. **आ.व. २०७९/०८० को आर्थिक विधेयक र विनियोजन विधेयक सम्बन्धमा :–**

**क. आर्थिक विधेयक २०७९ सम्बन्धमा :–**

आगामी आ.व. २०७९/८० का लागि यस उपमहानगरपालिकाको अधिकार क्षेत्र भित्र लागु हुने कर तथा गैर करको दर र राजश्व नीति सम्बन्धमा प्रस्तावित नीतिगत सुधारका विषय स्थानीय राजश्व परामर्श समितिबाट सिफारिस भै आएको र मिति २०७९/०३/०७ गतेको वैठकमा पेश भएको आर्थिक विधेयक २०७९ लाई स्वीकृत गरी आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**ख. विनियोजन विधेयक २०७९ सम्बन्धमा :–**

आगामी आ.व. २०७९/०८० का लागि यस उपमहानगरपालिकाको अनुमानित आय व्यय विवरण सहितको विनियोजन विधेयक २०७९ तयारीका लागि विभिन्न वडाहरु र विषयगत शाखाहरुबाट वजेट खर्च तथा योजना क्रियाकलापगत प्रविष्टी गरिएको तपशिलको आय व्यय विबरण सहितको विनियोजन विधेयक २०७९ स्वीकृत गरियो । स्वीकृत विनियोजन विधेयक आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**तपशिल**

कूल अनुमानित आय : रु १,६८,५८,२३,०००।

कूल अनुमानित व्यय : रु १,६८,५८,२३,०००।

५. **आ.ब. २०७७।०७८ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) को अन्तिम नतिजा सम्बन्धमा :–**

यस उपमहानगरपालिकाले स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि अनुसार आ.ब. २०७७।०७८ को संस्थागत क्षमता स्वमूल्याङ्कनगरी कूल ६५.५ प्रविष्ट गरिएकोमा प्रदेश प्रशिक्षण केन्द्र कलवडगुडी झापावाट खटिएका विज्ञवाट गुणस्त परीक्षणगरी कुल ६१.२५ नं. कामय भएको व्यहोरा आजको बैठकमा पेश भई सो सम्बन्धमा छलफल गरियो । पूरा हुन नसकेका सुचकहरू समेत पुरा गर्ने तर्फ लागी पर्ने र यो नतिजा आगामी नगर सभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

६. विविध सम्बन्धमा :–

क. सेरा खोला विपत जोखिम न्यूनिकरण सम्बन्धमा ।

यस नगरको वडा नं. ६ तल्लो पानवारी जाने पूलको माथिल्लो पट्टि फोहोर मैला प्रशोधन केन्द्रबाट पश्चिम दक्षिण करिब ५०० मिटरमा सेरा खोलाको विच भागमा अन्दाजी २.५ मि. अग्लो टापु बनि विगत लामो समय देखि नदीजन्य पदार्थ थुप्रिएकोले खोलाको वहाव एउटा भंगालो पश्चिम तिर गई खैरेनी सामुदायीक वन अतिक्रमण गरिरहेको र अर्को पूर्व पट्टिको भंगालोले पानवारी तर्फ खेतीयोग्य जमिन र वस्ती कटान गर्न थालेकोले यहि वर्षातमा आउन सक्ने बाढीजन्य विपत जोखिम न्यूनिकरणको लागि खोलाको वहावलाई मध्यभागमा केन्द्रित गर्न उक्त टापू हटाउन आवश्यक देखिएकोले तपशिल अनुसारको प्राविधिक टोली बनाउने र सो टोलीको अनुगमन सथै अध्ययन प्रतिवेदनका आधारमा जोखिम न्यूनिकरणको प्रकृया अधि बढाइदिन जिल्ला विपत व्यवस्थापन समितिलाई अनुरोध गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

- संयोजक- वरिष्ठ ईन्जिनियर, सुरज श्रेष्ठ
- सदस्य- वरिष्ठ वातावरण अधिकृत- भेषराज घिमिरे
- सदस्य- ईन्जिनियर- रोसन गिरी

**आजको वैठक विहान २:०० वजे समाप्त भयो ।**

**वैठकको निर्णय माईनटगर्ने : वरिष्ठ प्रशासकीय अधिकृत ,गणेश प्रसाद खतिवडा ।**